# सिम्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

राकम, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२
चलानी नम्वर : २६३१

सिम्ता गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राकम, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

मितिः २०८२/०३।१९

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्वन्धी सूचना ।

श्री जो जससँग सम्बन्धित छ ।

सुर्खेत जिल्ला सिम्ता गाउँपालिका वडा नं. ५ अन्तर्गत श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय वजेडाआलीमा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवा प्रक्रिया अगाडि वढाइदिन भनी विद्यालयको च. नं. ७१ मिति २०८२।०३।१७ को पत्रवाट अनुरोध भई आएकोले सम्वन्धित तहको योग्यता पुगेका स्थायी शिक्षकहरुवाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिक्षा नियमावलीको अनुसूची - १७ वमोजिमको ढाँचामा सम्वन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्वन्धी निर्देशिका, २०८१ को दफा ९ वमोजिम सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको ईमेल mavibajedaaali@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ । (प्रधानाध्यापक काँशीनाथ योगीः ९८६४९७९९४६)

२. म्याद नाघी वा तोकिए वमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

जगत वहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सुर्खेत ।

श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सिम्ता- ५ वजेडाआली, सुर्खेत ।

E-mail :info@simtamun.gov.np Mobile No : 9858077500 Website : www.simtamun.gov.np

"शिक्षा, स्वास्थ्य, पूर्वाधार, पर्यटन, कृषि र प्रविधि : दिगो विकास, सुशासन सिम्तालीको समृद्धि"